स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दक्षिण भारतीय अभिनेता अल्लु अर्जुन चर्तिबेला आफ्नो बहुप्रतीक्षित चलचित्र "राका"को छायाङ्कनमा व्यस्त छन् । निर्देशक थ्रलीको निर्देशनमा निर्माण भइरहेको यस चलचित्रलाई ठूलो बजेटमा विज्ञान-कथा तथा थ्रिलर विधामा तयार पारिँदै छ । चलचित्रको छायाङ्कन हाल मुम्बई र हैदराबादलाई केन्द्र बनाएर अघि बढाइएको छ । अल्लु अर्जुनले "राका"बारे प्रतिक्रिया दिँदै चलचित्रको तयारीमा समय लाग्ने रहेको बताएका छन् ।

आजको विचार...



देशलाई... *(दुई पेजमा)*

दुर्गा प्रसाद अर्याल

अभिनेता तथा निर्देशक निखिल उप्रेतीको कमब्याक चलचित्र "आचार्य" बक्स अफिसमा अपेक्षाअनुसार सफल हुन सकेन । प्रदर्शनको करिब एक महिनापछि कमजोर व्यापारका कारण चलचित्र हलबाट उत्रिएको छ । उता असोज ९ गतेदेखि नेपालसहित विदेशका विभिन्न हलमा प्रदर्शनमा आएको चलचित्रले घरेलु बक्स अफिसमा एक करोड ६२ लाख ९९ हजार रुपैयाँ ग्रस कलेक्सन गरेको चलचित्र विकास बोर्डको तथ्यांकमा उल्लेख छ ।



❐ वर्ष ३२ ❐ अंक ११४ ❐ २०८३ मंसिर ५ गते शनिबार 21 November 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

रुसी आक्रमण: युक्रेनमा आठ जनाको मृत्यु

एजेन्सी

रुसी, मंसिर ४/ रुसले युक्रेनका विभिन्न सहरमा रातभर गरेको ठूलो क्षेप्यास्त्र तथा ड्रोन आक्रमणमा कम्तीमा आठ जनाको मृत्यु भएको छ।आक्रमणका क्रममा राजधानी किएभका नीपर नदीमाथिका तीनवटा महत्वपूर्ण पुलमा क्षति पुगेको छ।युक्रेनले यसै साता क्रिमिया पुलको सडकखण्डमा क्षति पुऱ्याएको थियो र रुसले त्यसको जवाफ अझ कडा हुने चेतावनी दिएको थियो।रुसले युक्रेनका विभिन्न सहरमा रातभर गरेको ठूलो क्षेप्यास्त्र तथा ड्रोन आक्रमणमा कम्तीमा आठ जनाको मृत्यु भएको छ। आक्रमणका क्रममा राजधानी किएभका नीपर नदीमाथिका तीनवटा महत्वपूर्ण पुलमा क्षति पुगेको छ।युक्रेनी वायुसेनाका अनुसार रुसले बिहिबार रातभरमा करिब १०० वटा क्षेप्यास्त्र र ४०० ड्रोन प्रहार गरेको थियो। सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेयताका सबैभन्दा ठूला हवाई हमलामध्ये यो एक भएको युक्रेनी अधिकारीहरूले बताएका छन्।किएभका पोडिल्स्की-भोल्केसेन्स्की, दार्नित्स्की र सदर्न पुलमा ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार भएको थियो। ती पुलहरू सहरको आवागमनका लागि महत्वपूर्ण भएकाले आक्रमणपछि यातायातका लागि बन्द गरिएको छ।

हरिबोधिनी एकादशी : स्नान, पूजा र भजनकीर्तनले गुञ्जिए कालीगण्डकीका घाट

रामचन्द्र रायमाझी

पाल्पा, मंसिर ४ / हरिबोधिनी एकादशीका अवसरमा कालीगण्डकी नदीका विभिन्न घाटमा शुक्रबार बिहानैदेखि भक्तजनको चहलपहल बढेको थियो । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको यस पर्वमा नदीमा स्नान गर्ने, भगवान् विष्णुको पूजा-आराधना गर्ने तथा भजनकीर्तनमा सहभागी हुने भक्तजनको भीडले कालीगण्डकी नदीका घाटहरु गुञ्जिएका थिए ।

पाल्पा र स्याङ्जाको सीमाक्षेत्र भएर बग्ने कालीगण्डकी नदीका रानीघाट, राम्दी, रिडी लगायतका विभिन्न घाटमा बिहानैदेखि श्रद्धालुहरूको उपस्थिति बाक्लिएको थियो । कतिपय भक्तजन टाढाटाढाबाट पैदल तथा सवारीसाधनमार्फत नदी किनारमा पुगेर स्नान तथा पूजाआजामा सहभागी भएका थिए । नदी किनारमा भजनकीर्तन र धार्मिक अनुष्ठानले पर्वको रौनक थपिएको थियो ।शुक्रबार बिहानै यहाँका घाटहरुमा कोही नदीमा



स्नान गर्दै थिए, कोही भगवान् विष्णुको पूजा र आराधनामा तल्लीन थिए त कोही नदी किनारमा तोरण तार्दै मनोकामना पूरा हुने विश्वासका साथ धार्मिक कर्ममा जुटेका थिए । श्रद्धालुको भीड लागेपछि आसपासका क्षेत्रसमेत मेलामय बनेका थिए । कतिपय भक्तजन रातिदेखि नै घाटमा पुगेर स्नान तथा पूजाआजाको तयारीमा जुटेका थिए । हरिबोधिनी एकादशीका दिन कालीगण्डकीमा स्नान गरी भगवान् विष्णुको पूजा आराधना गर्ने र नदी किनारमा तोरण तार्ने यहाँको पुरानो धार्मिक परम्परा हो । व्रत बसेर कालीगण्डकीमा स्नान तथा पूजाआजा गर्दा मनले चिताएको पूरा हुने धार्मिक विश्वासका कारण हरेक वर्ष यस दिन यहाँ श्रद्धालुको घुइँचो लाग्ने गरेको छ ।पाल्पाको राम्दी, रुरुक्षेत्र रिडी, रानीमहलस्थित रानीघाट, रामपुर नगरपालिकाअन्तर्गत केलादी र खोरियाघाट, रम्भा गाउँपालिकाको हुँगीघाट तथा उत्तरवाहिनीलगायत स्थानमा बिहानैदेखि भक्तजनको भीड लागेको थियो । पाल्पा, स्याङ्जा, गुल्मी, रुपन्देही, कास्की, नवलपरासी र तनहुँलगायत जिल्लाबाट श्रद्धालुहरू मेला भर्न आएका थिए । कालीगण्डकीमा आई स्नान गरेर पूजा गर्दा मनोकामना पूरा हुने र पुण्य प्राप्त हुने धार्मिक विश्वासका साथ स्नान गर्न आएको राम्दी घाटमा भेटिएकी रम्भा गाउँपालिका -२ की राधिका घिमिरेले बताइन् । उनले भनिन् " धार्मिक आस्था बोकर हरेक वर्षा यहाँ आउने गरेका छौं ।"

रामपुरमा सार्वजनिक विदा

रामपुर नगरपालिकाले हरिबोधिनी एकादशीको अवसरमा आज सार्वजनिक बिदा दिएको छ । पालिकाले प्रत्येक वर्ष हरिबोधिनी एकादशीमा पालिकाभर सार्वजनिक बिदा दिँदै आएको छ । रामपुरमा पर्ने कालीगण्डकी नदि तटमा विशेष मेला लाग्ने भएकाले एक दिन बिदा दिइएको नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत चेमनप्रकाश पोखरेलले बताए । मेलामा सुन्तला, सुपो, डोको, माटाका भाँडा, तरुल, सखरखण्डलगायत स्थानीय उत्पादनको कारोबार भएको थियो ।

एकादशीमा रेसुङ्गामा पूजा गर्नेको घुइँचो



गुल्मी,मंसिर ४/ शुक्रबार परेको हरिबोधनी एकादशीको अवसरमा गुल्मीको धार्मिक तथा पर्यटकीय स्थल रेसुङ्गा महापोखरीमा दर्शनार्थीहरुको घुँइचो लागेको छ । उक्त पोखरीमा विशेष मेला तथा पूजा-अर्चनाका लागि भक्तजनहरू पुग्ने गर्दछन् ।

पोखरीमा स्नान गरेमा आफुले जिवनमा गरेका पाप नष्ट हुने धार्मिक विश्वास रहिआएको छ । यही मान्यताका कारण पोखरीमा स्नान गर्न एकादशीको अवसरमा जिल्लाका विभिन्न स्थानका साथसाथै अर्घाखाँची, पाल्पा, स्याङ्जा, बाग्लुङ लगायतका जिल्लाबाट समेत श्रद्धालुहरु रेसुङ्गा पुगेका छन् । सदरमुकाम तम्घासदेखि अग्लो शिरमा पर्ने रेसुङ्गामा विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि विशेष मेलामा भिड बढेको रेसुङ्गा संरक्षण समितिले जनाएको छ । रेसुङ्गा क्षेत्रमा शुद्ध मनले पूजा-पाठ गरेमा मनोकांक्षा पूरा हुने धार्मिक मान्यता रहिआएको छ । त्रेतायुगमा ऋष्यशृङ्घले रेसुङ्गा क्षेत्रमा तपस्या गरेका थिए भन्ने उल्लेख वेद-पुराणहरूमा पाइन्छ । अयोध्याका राजा दशरथलाई सन्तान नहुँदा ऋष्यशृङ्घलाई अयोध्या बोलाई पुत्रेष्टि महायज्ञ सम्पन्न गराइएको थियो । सो यज्ञको प्रभावले दशरथका चार छोरा राम, लक्ष्मण, भरत र शत्रुघ्न जन्मिएका थिए भन्ने धार्मिक कथा पुराणहरूमा उल्लेख छ । यही कारणले रेसुङ्गा धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण स्थल मानिन्छ । रेसुङ्गाक्षेत्रको उच्च भूभागबाट धवलागिरिदेखि मनास्लुसम्मका हिमशृङ्खलाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । भने साउन महिनाभर मेला लाग्ने गर्दछ।

आज रैनादेवीमा देवीलाई नयाँ धान चढाएर न्वागी पर्व मनाइँदै

कृष्ण पोखरेल

पाल्पा मंसिर ४/ आज पाल्पाको रैनादेवीमा देवीलाई नयाँ धान चामल चढाएर न्वागी पर्व मनाइँदै छ । परम्परा देखी नै पाल्पा, पुर्वी अर्घाखाँची, दर्क्षिण गुल्मीका जनताले रैनादेवी भगवतीलाई प्रत्येक बर्ष नयाँ धानको चामल चढाएर मात्र खाने दिनलाई न्वागी पर्वको रुपमा मनाउने प्रचलन रहँदै आएको छ । यो बर्षको न्वागी आज परेको छ ।



यस क्षेत्रका जनताले परापुर्वकाल देखी नै देवीलाई धान चामल चढाउने, पुजा पाठ गर्ने, स्तुती गान गर्ने र सोही राती देखी नै देवी मन्दिर परिसरमा आ-आफ्नो जात जातीको कलासंस्कृती प्रस्तुती गरी देवीलाई खुसी पार्ने चलन रहेको रैनादेवी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष भुपाल सिंह खाँम्चाले बताए । रैनादेवीलाई नयाँ धान प्रयोगमा ल्याएमा सो घरमा अनिष्ट हुने जनविश्वास स्वरुप पश्चिम पाल्पाका जनताले परम्पराकाल देखि नै न्वागी पर्वलाई उत्सवको रुपमा मनाउँदै आएका छन् । न्वागी पर्व पश्चिम पाल्पाकै धार्मिक आस्थासँगै मौलिक संस्कृती, जीवन पद्धती, कृषक तथा कलासंस्कृतीसँग गासिएको छ । पर्वको अवसरमा गाउँपालिकाबाट नव निर्मित कालीका मन्दिरको उद्घाटन समेत गरिने मन्दिर व्यवस्थपन समितीका अध्यक्ष खाँम्चाले बताए । न्वागी पर्वको अवसर पारेर रैनादेवी छहरा गाउँपालिका ३ नं. वडा कार्यालय र रैनादेवी मन्दिर व्यवस्थापन समितीले, रैनादेवी मन्दिर परिसरमा आएका भक्तजन तथा अतिथीहरुलाई, नयाँ धानको दही र चामल खुवाउने, मौलिक कला संस्कृतिको प्रस्तुती र राष्ट्रिय तथा स्थानीय कलाकार सहितको २ दिने न्वागी मेला राखिएको वडा अध्यक्ष प्रदिप पौडेलले जानकारी दिए ।

रैनादेवी मन्दिर परिसरमा मंसिर ५ गते रातीदेखी नै लोपोन्मुख पञ्चेवाजा, सोरठी, मालश्री, ,ठूलो नाचँ, रत्यौली, झाम्रे चुडका, लाखे, कौडा मारुनी, जस्ता बभिन्न जात जातीका स्थानीय मौलिक कला संस्कृती प्रस्तुती रहने र ६ गते राष्ट्रिय कलाकार, खुमन अधिकारी, गणेश अधिकारी, विधान कार्की, कोपिला न्यौपाने, अरुषी मगर, राजन थापा, र चन्द्रमणी पौडेल लगायतको प्रस्तुती रहेको वडा अध्यक्ष पौडेलले बताए । पालिका भित्रका ८ वटै वडा तहका धार्मिक आस्था संगै कला संस्कृती जर्गेना गर्ने, स्थानीय कलासंस्कृतीलाई प्रोत्साहन गर्ने, मन्दिर क्षेत्रमा खानेपानी, शौचालयहरु, बस्ने प्रतिक्षालय लगायतका पुर्वाधार निर्माणका काममा पालिकाले निरन्तर सहयोग गर्दै आएको गाउँपालिकाका अध्यक्ष भट्टराईले बताए । रैनादेवीको विषयमा अनौठो परम्परागत मान्यता रहेको छ । हालको रैनादेवी मन्दिर भएको जंगलमा न्यौपाने बाहुनले गाई पालन गर्दै आएका थिए । गाईले दैनिक रुपमा दुध नदिएपछि, न्यौपाने बाहुन र छहरी मगरले गाईको पिछा गर्दै जंगलमा गए । जंगलको विचमा सुनको मौलोमा दुध चढाईरहेको देखे पछी दुवै जनाले सुनको मौलो खन्दै जादा तल तल भासिदै गयो । सुनरुपी मौलोको टाउको भाचेर भएपनि लैजान कोदालोको पासोले हान्दा रगताम्य भई रुदै देवी उत्पन्न भएको भनाई रहेको छ । रोईन देवी, रोईन देवी, भन्दा भन्दै अपभंश भई रैनादेवी हुन गएको बुढापाकको भनाई रहेको छ । देवी भागेर अन्य स्थान जादै गर्दा दर्लामी र सोमै मगरले रोकी पुजाआजा शुरु गरेको भनाई रहदै आएको छ । भुवनपोखरीको अग्लो डाडाको टुप्पोमा रहेको रैनादेवी मन्दिरबाट धौलागिरी, अन्नपूर्ण, माछापुच्छ्रे लगायतका दर्जनौ हिमालहरुको साथै पाल्पा, गुल्मी, अर्घाखाँचीका विभिन्न स्थानहरुको मनमोहक दृश्यहरु अवलोकन गर्न सकिन्छ ।

पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२
जनचेतना

सम्पादकीय

हरिबोधिनी एकादशी यसको महिमा

कार्तिक शुक्ल एकादशी अर्थात् हरिबोधिनी एकादशी शुक्रबार तुलसीको पूजा आराधना गरी मनाइएको छ । यस अवसरमा तुलसी र भगवान् दामोदर (विष्णु) को विधिपूर्वक विवाह गरियो ।वैदिक सनातन परम्पराअनुसार हरिबोधिनी एकादशीका दिन तुलसीसँग भगवान् विष्णुको विवाह र विशेष पूजा गर्ने चलन छ । आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिन क्षीरसागरमा शयन गरेका भगवान् विष्णु यस दिन ब्युँझने धार्मिक विश्वास छ । भगवान् विष्णु क्षीरसागरमा शयन गर्ने भएकाले यस अवधिमा विवाह, व्रतबन्धजस्ता माङ्गलिक कार्य गरिँदैन । वर्षायाममा खोला तथा नदीमा बाढीपहिरो आउने र सर्पजस्ता जीवको भय हुने भएकाले यात्रा नगर्नु शुभ मानिने परम्परा पनि छ ।

यस दिन व्रत बस्दा पुण्य प्राप्त हुने र भगवान् विष्णुको कृपा मिल्ने जनविश्वासका कारण देशभरका विष्णु मन्दिर, नदी तथा तीर्थस्थलमा भक्तजनको उल्लेख्य भीड लाग्ने गर्दछ । यस पर्वको अर्को महत्वपूर्ण पक्ष तुलसीको पूजा र विवाह हो । हिन्दू धर्ममा तुलसीलाई पवित्र वनस्पतिका रूपमा लिइन्छ । तुलसीलाई भगवान् विष्णुको प्रिय मान्दै तुलसी र शालिग्रामको विवाह गरिदिने परम्परा रहिआएको छ । धार्मिक विधिअनुसार तुलसीको मठ सजाउने, पूजा गर्ने, दीप प्रज्वलन गर्ने र भजनकीर्तन गर्ने गरिन्छ । यसले परिवार तथा समुदायबीच धार्मिक तथा सांस्कृतिक एकता कायम गर्न सहयोग पुऱ्याउँछ ।

हरिबोधिनी एकादशी धार्मिक आस्थाको पर्व मात्र नभई प्रकृति र वातावरण संरक्षणको सन्देश दिने अवसर पनि हो । तुलसीजस्ता औषधीय गुण भएका वनस्पतिको संरक्षण र महत्वबारे नयाँ पुस्तालाई जानकारी गराउन यस पर्वले प्रेरित गर्दछ । पछिल्लो समय वातावरणीय प्रदूषण, वन विनाश र प्राकृतिक स्रोतको अव्यवस्थित दोहन बढिरहेका बेला हाम्रा धार्मिक तथा सांस्कृतिक परम्पराले प्रकृतिप्रति सम्मान गर्न सिकाएको पक्षलाई आत्मसात् गर्न आवश्यक छ । यद्यपि पछिल्लो समय कतिपय पर्व तथा धार्मिक परम्पराहरूमा देखावटीपन र अनावश्यक खर्च बढ्दै गएको पाइन्छ । धर्म र संस्कृतिको नाममा प्रतिस्पर्धा गर्नेभन्दा पनि यसको वास्तविक मर्म र सन्देश बुझ्न आवश्यक छ । पर्व मनाउँदा आफ्नो आर्थिक अवस्थाअनुसार खर्च गर्ने, अनावश्यक तडकभडक नगर्ने र धार्मिक स्थल तथा सार्वजनिक स्थानको सरसफाइमा ध्यान दिनुपर्छ । हाम्रा चाडपर्व र संस्कारहरू पुस्तौंदेखि हस्तान्तरण हुँदै आएका अमूल्य सांस्कृतिक सम्पत्ति हुन् । यिनको संरक्षण गर्नु सबैको साझा दायित्व हो । हरिबोधिनी एकादशीले आस्था, संयम, सद्भाव र प्रकृतिप्रतिको सम्मानको सन्देश दिन्छ । त्यसैले यस पर्वलाई केवल कर्मकाण्डमा सीमित नराखी यसको सकारात्मक पक्षलाई व्यवहारमा उतार्न सक्नुपर्छ । धार्मिक आस्थासँगै सामाजिक एकता, सांस्कृतिक संरक्षण र वातावरणीय चेतना अभिवृद्धि गर्दै हरिबोधिनी एकादशी मनाउनु आजको आवश्यकता हो ।

Opinion @ Social Network

जीवनको यात्रा सजिलो छैन,
तर आत्मविश्वास र मेहनतले हरेक चुनौती पार गर्न सकिन्छ ।
(तिलक सुनारको फेसबुक स्टाटसबाट www.facebook.com/Tilak.Sunar)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सबनुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईंहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

देशलाई बिचौलियाको दलदलबाट बचाऔं



दुर्गा प्रसाद अर्याल

समय परिवर्तनशिल छ । नदीमा धेरै पानी बगी सकेको छ । मध्यस्थकर्ताको रुपमा रहेका यी पक्ष आजभोली दलालको रुपमा रुपान्तरण हुदै गएको देखिन्छ । उत्पादक र उपभोक्ता बिचमा रहेर ठूलो कमिशन खाने पक्षको रुपमा आफूहरुलाई उपस्थित गराउदै लगेको देखिन्छ । यसले आजभोली व्यापारीक क्षेत्रमा मात्रै प्रभाव नपारेर नेपालको राजनीति , राजनीतिक नेतृत्व ,सरकार , अदालत लगाएत अधिकाश क्षेत्रमा प्रभाव पारेको देखिन्छ । जसको कारण सरकारले राम्रो काम गरि जनता बिच सकरात्मक सन्देश दिन सकेको देखिदैन् । सवैधानिक अंगहरु सुस्तगतिमा देखिन्छन् । अदालतले प्रभावकारी न्याय सम्पादन गर्न सकेको देखिदैन् । स -सानो कमिशनका लागि काम गर्ने यी बिचौलियाहरु करोडौं र अरबौं रकमको लेनदेन सम्म पहुँच पुऱ्याएको देखिन्छ । यीनैको कारण सरकारले ,अदालतले ठूला ठूला राजश्व छुटका निर्णयहरु गरेका घटनाहरु विगतमा प्रसस्त देखिन्छन् । यिनैको प्रभावको कारण अदालतले प्रभावकारी फैसला दिन सकेको देखिदैन् । अदालतले गर्ने आर्श्यजन फैसलाको एक कारण बिचौलियाको प्रभाव रहेछ ।

भ्रष्टाचार सुशाशन र देश विकासको बाधक हो भन्ने लामो समयको भनाईलाई पछि पार्दै आज भोली सुनिन थालेको छ देश विकासको बाधक भ्रष्टाचार भन्दा देशका विभिन्न सरकारी ,राजनीतिक क्षेत्रमा भित्र भित्र फैलिदै ,खोको बनाउदै लगेको बिचौलीयाको रजगज पो रहेछ । देश दशकौ अगाडि देखि विभिन्न किसिमका देशी विदेशी बिचौलियाको प्रभावमा परेका परिघटनाहरु पछिल्लो समय छताछुल्ल हुदै समाचारमा आउन थालेको देखिन्छ । देश विकास ,समृद्धि ,जनताको जीवनस्तर सुधारका पक्षमा काम गर्न सरकारलाई के ले रोक्यो ? देश हाम्रो सरकारले सञ्चालन गर्ने होईन अन्य अदृश्य शक्तिले सञ्चालन गर्दछ ? वर्षौं देखिका यी अनुत्तरीत प्रश्नको उत्तर पनि यहि बिचौलिया वा मध्यस्थकर्तामानै गएर ढोकिने देखिन्छ । एक पछि अर्को यस सम्बन्धि समाचार र घटनाकमले यस पक्षलाई वास्तविकता तर्फ लान खोजेको देखिन्छ । हुन् पनि व्यापारीक क्षेत्रमा देखिने बिचौलीयाको प्रभाव आज भोली सरकारका प्रधानमन्त्री ,मन्त्री ,संवैधानीक अंग सम्म यसको पहुँच पुगेको देखिन्छ । जसले विधिको शाशन, कानुनी राज्य तथा सुशाशन स्थापीत गर्ने सवालमा प्रश्नहरु श्रृजना गरेको देखिन्छ । यहाँ बिचौलीया र यसले नेपालका विभिन्न क्षेत्रमा पारेको प्रभाव तथा यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

अंग्रेजी शब्द Agent को नेपाली रुपान्तरण हो बिचौलिया यसलाई मध्यस्थकर्ता ,दलाल जस्ता शब्द पनि प्रयोग गरेको देखिन्छ । मझौला व्यापारीको रुपमा लिईने यस पक्षले उत्पादक र उपभोक्ता बिच , न्यायधीश र झगडालु बिचका , जग्गा मालिक र जग्गा खरीदकर्ता बिचका , क्रेता र बिक्रेता बिच रहेर व्यापारीक कार्यमा कुरा मिलाईदिए बापत वा व्यापारलाई सहज गराईदिए बापत सानो कमिशन खाने गर्दथे । यीनीहरु उत्पादनको बजारीकरणका सहज पक्षका रुपमा रहेका थिए । किसानको उत्पादन घरबाट शहर सम्म पुऱ्याउने कुरामा उल्लेख्य भूमिका पनि रहेको देखिन्छ । सामान्यतया व्यापारीक बिचौलिया र एजेन्ट बिचौलियाका रुपमा रहेका बिचौलियाहरु अहिले राजनीतिक ,आर्थिक ,सामाजिक ,प्रशासनीक ,वैदेशिक रोजगारी ,सहकारी ,ठेक्का पट्टा, सरकारी सेवा लगायतका अधिकाश क्षेत्रमा फैलिएको देखिन्छ । यसकारण यीनीहरुको प्रकार र भूमिका पनि थपिदै गएको देखिन्छ ।

समय परिवर्तनशिल छ । नदीमा धेरै पानी बगी सकेको छ । मध्यस्थकर्ताको रुपमा रहेका यी पक्ष आजभोली दलालको रुपमा रुपान्तरण हुदै गएको देखिन्छ । उत्पादक र उपभोक्ता बिचमा रहेर ठूलो कमिशन खाने पक्षको रुपमा आफूहरुलाई उपस्थित गराउदै लगेको देखिन्छ । यसले आजभोली व्यापारीक क्षेत्रमा मात्रै प्रभाव नपारेर नेपालको राजनीति , राजनीतिक नेतृत्व ,सरकार , अदालत लगाएत अधिकाश क्षेत्रमा प्रभाव पारेको देखिन्छ । जसको कारण सरकारले राम्रो काम गरि जनता बिच सकरात्मक सन्देश दिन सकेको देखिदैन् । सवैधानिक अंगहरु सुस्तगतिमा देखिन्छन् । अदालतले प्रभावकारी न्याय सम्पादन गर्न सकेको देखिदैन् । स सानो कमिशनका लागि काम गर्ने यी बिचौलियाहरु करोडौं र अरबौं रकमको लेनदेन सम्म पहुँच पुऱ्याएको देखिन्छ । यीनैको कारण सरकारले ,अदालतले ठूला ठूला राजश्व छुटका निर्णयहरु गरेका घटनाहरु विगतमा प्रसस्त देखिन्छन् । यिनैको प्रभावको कारण अदालतले प्रभावकारी फैसला दिन सकेको देखिदैन् । अदालतले गर्ने आर्श्यजन फैसलाको एक कारण बिचौलियाको प्रभाव रहेछ । सवैधानीक अंगहरु सुस्त अवस्थामा देखिन्छन् । यसले स्थायी सरकार मानिने कर्मचारीतन्त्र , सुरक्षा अंग लगाएत सवैमा प्रभाव पारेको देखिन्छ । आजभोली एक पछि अर्को विकास हुदै गएको घटना क्रमले यहि पक्षलाई प्रमाणित गर्न खोजेको देखिन्छ । यसका अलावा यीनीहरु सरकार परिवर्तन , सरकारका मन्त्री परिवर्तन सम्म पनि पहुँच पुऱ्याउदछन् भन्दा अच्च नमान्दा हुने देखिन्छ । विशेष गरेर आर्थिक प्रलोभन,राजनीतिक संरक्षण ,मिलेमतो तथा राज्यका उच्च पदस्थ व्यक्तीबाट हुने अधिकारको दुरुपयोगका कारण नेपालमा यसको प्रभाव बढ्दै गएको देखिन्छ ।

पछिल्लो समय बिचौलियाका रुपमा झापाका ३० वर्षे इनम सापकोटा र उनले देशका वर्तमान र भूतपूर्व हाईप्रोफाईल प्रशासनीक ,न्यायीक , राजनीतिक नेतृत्व संगको आर्थिक लेनदेन र त्यसबाट नेपालको प्रशासनीक निर्णय ,न्यायीक निर्णयमा पारेको प्रभावका समाचारहरु छताछुल रुपमा आईरहे काछन् । समाचारहरु आधिकारीक र साँचो हो होइन प्रमाणित भने भैसकेको छैन् तर यस प्रकरणले बहालवाला प्रधानन्यायाधीश मनोजकुमार शर्मा तथा सर्वोच्च अदालतका केहि न्यायधीश , पूर्व प्रधानन्यधीश चोलेन्द्र शर्मा , काग्रेस सभापती गगन कुमार थापा , प्रधानमन्त्रीका सल्लाहकार कुमार बेन ,शेरबहादुर देउवा ,बालकृष्ण खाड ,दीपक खड्का ,उमेश श्रेष्ठ समेत प्रभावमा परेको घटनाहरु समाचारमा आएका छन् । त्यस्तै गरी सुरक्षा निकायका वंशीराज दाहाल ,विश्वराज पोखरेल जस्ता व्यक्तिहरु पनि यसमा जोडिएका घटनाहरु वाहिर आएका छन् । यी केहि उदाहरण मात्र हुन् अन्य पात्र र घटनाहरु थपिदै जाने कुरामा दुईमत रहदैन् ।

बिचौलीयाका कारण उत्पन्न हुने केहि प्रभाव :

-किसान र उत्पदकले कम मूल्य प्राप्त गर्ने ।
-वस्तु तथा सेवाको समय समयमा कृत्तीम अभाव ,कालोवजारी सिर्जना गराउने ।
-भ्रष्टाचार र बेथिती बढाउदै लैजाने ।
-बजारमा अस्वस्थ प्रतिस्पर्धा श्रृजना गर्ने ।
-सर्वसाधरण जनताको दैनीकी असहज बनाउदै लैजाने ।
--न्याय सम्पादनमा आर्थिक र कमिशन प्रभाव पर्ने ।
-आर्थिक वृद्धि र विकासको बाधक ।
-विधिको शाशन अन्त्य हुदै जाने ।
-निष्ठाको राजनीतिको अन्त्य हुदै जाने ।

बिचौलियाको अन्त्य कसरी गर्ने त ?

-नैतिक शिक्षा ,संस्कारयुक्त शिक्षाको विस्तार ।
-प्रशासनीक कार्यलाई पूर्ण डिजीटल बनाउदै लैजाने ।
-सचेतना अभिवृद्धि गर्ने ।
-सरकारले उत्पादन बजारीकरणको ग्यारेन्टि गर्ने ।
-सरकारी अनुगमन निकायलाई चुस्त दुरुस्त बनाउने ।
-उत्पादनको उचीत मूल्य सरकारले निर्धारण गरिदिने ।
-सरकारी कार्यालयहरुमा बिचौलिया प्रवेशमा पूर्ण प्रधिवन्द लगाउने ।
--न्यायीक सम्पादन र न्यायधीश नियुक्तीमा परिमार्जन गर्नु पर्ने देखिन्छ ।

निष्कर्ष :

सामान्य खेती किसानीमा संलग्न कृषकको कृषि उत्पादन् खरीद बिकी देखि लिएर प्रधानमन्त्रीको कार्यकक्ष सम्मै फैलिएको बिचौलिया प्रभावले व्यक्ती ,समाज र देशलाईनै आक्रन्त र दलदलमा फसाउदै लगेको देखिन्छ । पछिल्लो समय नेपालका लागि भ्रष्टाचारको मूख्य कारण पनि यो बन्दै गएको देखिन्छ । बिचौलियाको अन्त्यका लागि बिचौलियालाईनै मूख्य दोषी मानेर हैन् सरकारी हरेक निकायलाई चुस्त दुरुस्त र नागरीक , कर्मचारी ,राजनीतिक नेतृत्वलाई नैतिकवान बनाउन सकेमा मात्र यो सम्भव देखिने गर्दछ । कुनै स्वार्थ पूर्तिका लागि गरिने बिचौलिया सम्बन्धि अनुसन्धानले यसको अन्त्य गर्दैन मात्रै उत्पन्न गराउदछ प्रतिशोधका श्रृखला । साच्चै बिचौलियाको अन्त्य सरकार र मूख्य राजनीतिक नेतृत्वको इच्छा शक्तीबाट मात्रै सम्भव हुने देखिन्छ । यसका लागि जिम्मेवार नागरीकको खाँचो अनिवार्य शर्त बन्दछ ।

(लेखक वर्षशालका प्राध्यापक समेत हुन् ।)

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१९९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६०१९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इकका रामपुर ०७५-६९१५५
अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०९९३
मिसनअस्पताल पाल्पा ०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र पराली ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिट्रेक अस्पताल ५४९७७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००५४
एम्बुलेन्सहरु.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लिपो क्लब अस बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेडक्रस भैरहवा ०७१-५२६६७३,९८४७२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००५५
रेडक्रस अर्घाखाँची ०७७-६२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४०७८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नर्यामिल ९५४७२२०४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१५४८
क्लगाई क्लब क्लगाई ०७६-९९०७०२
रेडक्रस वेव्हह ०७१-५४७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७२९९६४
न्यु एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०७७६५
रामपुर टेड्नस्टी:९८५७७६२४७,९८५७७६८७४

दैनिक राशिफल

मेष : मन शान्त रहनेछ। आफ्नो सोचलाई सही दिशामा अघि बढाउने अवसर मिल्नेछ।
वृष : घरको वातावरणले मनलाई आनन्द दिनेछ। मनको शान्ति महसुस हुनेछ।
मिथुन : नयाँ विषयले मन तान्नेछ। बोलीले विश्वास जित्न सक्नुहुनेछ।
कर्कट : काम पनि सजिलै मिल्नेछन्। पुरानो अलमल हट्दा मन हलुका हुनेछ।
सिंह : लगनका कामको राम्रो चर्चा हुन सक्छ। मनमा नयाँ आशा पलाउनेछ।
कन्या : कामले राम्रो रूप लिन थाल्नेछन्। आफूलाई आवश्यक विश्राम दिनु राम्रो हुनेछ।
तुला : योजना बनाउने सोच आउन सक्छ। खुसीका साना पलले दिनभरि साथ दिनेछन्।
वृश्चिक : धैर्यका पाइला सही दिशातर्फ जानेछ। मनमा रहेको अन्योल हटुनेछ।
धनु : फरक अनुभवले नयाँ प्रेरणा दिनेछ। उमङ्ग र उत्साहले दिनभरि साथ दिनेछ।
मकर : मनमा सन्तोष छाउनेछ। शान्त वातावरणले मनलाई आनन्द दिनेछ।
कुम्भ : सिर्जनात्मक सोचले नयाँ बाटो देखाउनेछ। मनमा ताजापन महसुस हुनेछ।
मीन : मनले नयाँ कुरा सिर्जना गर्ने खोज्नेछ। आत्मीय साथले हौसला थपिनेछ।

साहित्य दर्पण

कथा — रुद्र बान्तावा राई

ओठको घाउ

नुहाएर बाथरुमबाट निस्केने बित्तिकै उसले फ्यात्त तौलिया बेडको छेउमा फाल्यो । कपडा लगायो । ऐनाअगाडि उभिएर कपालमा तेल दल्न थाल्यो । आनो अनुहार यताउता फर्काएर नियाल्यो । त्यत्तिकैमा उसको नजर ओठको दाहिने छेउमा पुग्यो । त्यहाँ सानो बिबिरा आएको रहेछ । के गरूँ, के नगरूँ भयो । एकछिन ऐनामा आफ्नै अनुहार हेरिरह्यो । अचानक हातले किचिक्क पाऱ्यो । सानो घाउ बन्यो । घाउबाट अलिअलि पानी निस्कियो । उसले यताउता आँखा घुमायो । अचानक सम्झियो, पोलेको घाउमा लगाउने एउटा मलम दराजको घरीमा राखिएको थियो । मलम निकाल्यो र घाउमा दल्न थाल्यो । ओठमा सेतो मलम टाँसियो । ऐनामा फेरि अनुहार हेऱ्यो । केही बेर आफ्नै प्रतिबिम्ब नियालिरह्यो ।त्यसपछि घडी हेऱ्यो । अफिसको समय भइसकेको थियो । ऊ हतारहतार घरबाट निस्कियो । घरबाहिर निस्कँदै गर्दा उसकी श्रीमती भान्सामै थिई । सायद भाँडा माझ्दै थिई ।उसले श्रीमतीतिर स्वर फ्याँक्यो, 'म अफिस लागे है ।'भित्रबाट प्रतिउत्तर आयो, 'हुन्छ । खाजा लिएर जानुभयो होला नी ?' उसले भुसुक्कै बिर्सेको रहेछ ।

फेरि भित्र पस्यो । टेबुलमा राखेको टिफिन तान्न खोज्यो । तर त्यहाँ टिफिन थिएन । उसले केही बेर टेबुल नियाल्यो । भर्खरै त्यहीं देखेको जस्तो लागेको थियो । श्रीमतीलाई सोधूँभनै लाग्यो, तर सोधेन । घडीको सुईले समय घर्किँदै गएको संकेत गरिरहेको थियो ।'म उल्लु कस्तो दोधारे'' उसले आफैँलाई भफ्याऱ्यो ।हत्तपत्त बाहिर निस्कियो । सिँढी ओर्लँदै गर्दा अन्तिम खुड्किलोमा फन्डै चिप्लिएको । छटपटी मन लिएर ऊ सडकमा पुग्यो । लोकल गाडी समाप्त्यो । अफिस जाने समय भएकाले गाडीमा असाध्यै भिड थियो । आफूलाई भेडाबाख्राझैं ठान्यो । सहयात्रीहरूको शरीर एकअर्कासँग यसरी टाँसिएका थिए, मानौं उनीहरू मानिस नभएर कुनै वस्तु हुन्, जसलाई एउटै ठाउँमा कोचेर राखिएको छ ।गाडीभित्र उकुसमुकुस थियो । पसिनाको गन्ध, शरीरको गन्ध र विभिन्न प्रकारका अमिला गन्धले वातावरण निसास्सिएको थियो । सहचालकले गुन्द्रुक खादैझैं खाद्यो ।गुन्द्रुक खाँदा त मिठो बास्ना आउँछ, तर त्यहाँका गन्धले उसलाई वाकवाकी लाग्न थाल्यो । गर्मीले हपहपी भयो । निधारबाट चिटचिट पसिना आयो । उसले मुख झ्यालतिर फर्कायो । बाहिरबाट आएको हावाको झोक्काले उसको अनुहारलाई हल्का स्पर्श गऱ्यो । थोरै भएपनि सास फेर्न सहज भयो । एक्कासि अगाडिबाट कोही धक्केलिएर पछाडि सऱ्यो । ह्वार्र अमिलो गन्ध नाकमा ठोक्कियो । नाकका प्वाल भरिएर गन्ध सिधै मस्तिष्कसम्म पुगेझैं भयो । उसलाई उक्लुक्क भयो । मुखभरि अमिलो पानी जम्मा भयो । झ्यालतिर मुख फर्काउन नपाउँदै मुखबाट पानी गाडीको भुइँमा चुहियो । अगाडिपट्टि उभिएको एक व्यक्तिको ढाडमा पनि केही छिटा परे । गाडी घच्याक्क रोकिने र गुड्ने क्रम चलिरह्यो । अफिस पुग्नै लागदा बिस्तारै गाडी खाली हुँदै गयो । ऊ उभिएको छेउमा पनि एउटा सिट खाली भयो । ऊ त्यहीँ बस्यो ।झ्यालपट्टि एउटी किशोरी थिई । अन्दाजी अठार-उन्नाइस वर्षकी । ऊ त्यहाँ बस्नासाथ किशोरी अलिक पर सरी ।उकुसमुकुस गराउने गन्ध बिस्तारै पातलिँदै थियो । तर पनि किशोरीले मुख छोपिरही । केही बेरपछि उसले महेन्द्रतिर हेरी र मन्द मुस्कान फाली । किशोरी किन हाँसी ? उसलाई अचम्म लाग्यो । एक्कासि उसलाई बिहानको ओठको घाउ सम्झना भयो । मलमले सेतो भएका आफ्ना ओठ सम्झियो । उसले किशोरीको मुस्कानको रहस्य बुझेजस्तो गऱ्यो । उसको हात अनायासै ओठतिर पुग्यो । आँलाले घाउ सुमसुम्याय्यो ।अफिस पुग्यो । आफ्नो हाजिरी जनाएर कार्यकक्षतर्फ लाग्यो ।कार्यकक्ष पुग्नै लाग्दा सहकर्मी सन्तोषसँग भेट भयो । 'के हो महेन्द्रजी, ओठमा त घाउ भएछ नि 'कि म्याडमको माया पोखिएको हो ?' सन्तोष जिस्क्रियो । ऊ प्रतिउत्तरमा मुस्कुराएझैं मात्र गऱ्यो । सन्तोषसँग उसको राम्रै दोस्ती थियो । जिस्किने, हाँसिमजाक गर्ने र परेको बेलामा सरसहयोग गर्ने । पारिवारिक सम्बन्ध पनि राम्रै थियो । अफिसमा सन्तोषसँग मात्र उसको राम्रो हिमचिम थियो । मनपेट साटासाट हुन्थ्यो । पोहोर साल त हो उसको बढुवा हुँदा सन्तोष उसको खुसीमा खुब रमाएको थियो । लयुसमेत उसैले बाँडेको थियो । त्यो साँच्चै नि:स्वार्थ देखिन्थ्यो । सन्तोष फरासिलो व्यक्तित्व भएको मानिस थियो । जोसँग पनि राम्रो सम्बन्ध हुने । तर आजभोलि सन्तोषसँग पनि ऊ मनपेट खोलेर कुरा गर्न सक्दैनथ्यो । सन्तोष परिवर्तन भएजस्तो लाग्थ्यो उसलाई । तर परिवर्तन उसमा आएको हो या सन्तोषमा, छुट्याउन सक्दैनथ्यो । ऊ सरासर आफ्नो क्याबिनतिर लम्किय्यो ।उसको क्याबिन छेउमा दुई जना महिला कर्मचारी थिए । उनीहरू अघि नै आइसकेछन् । ऊ आनो क्याबिन छिर्ने लागदा छड्के आँखाले देख्यो, ती कर्मचारीहरू खै के कुरामा खासखुस गर्दै उसैतिर हेरिरहेका थिए । ऊ बोलेन । उनीहरू पनि एकाएक मौन भए । त्यसपछि सबै आ-आफ्नो काममा लीन भए । केही समयपछि आफ्नो क्याबिनमा काम गर्दै गर्दा एक्कासि हाकिम साहेबको उपस्थिति भयो । उसले देखेर पनि नदेखेझैं गऱ्यो । मुख खुम्च्याय्यो । मन अमिलो भयो । हाकिमको अनुहार कालो देख्यो । वास्तवमा हाकिम गोरो थिए, तर उसलाई अँगारजस्तै कालो लाग्यो । पहिला यही हाकिम उसलाई हाँसिलो र मिजासिलो लाग्थ्यो । हाकिमको बोली सुन्दा सुनिरहूँजस्तो लाग्थ्यो । अझ त्यो बोलीमा आफ्नो प्रशंसा निस्कँदा ऊ मक्ख पर्थ्यो । नतमस्तक हुन्थ्यो ।'महेन्द्रजी जस्तो काम गर्नुपर्छ', भन्दै मिटिङहरूमा अरू कर्मचारीको बिचमा हाकिमले उसको तारिफ गरिरहन्थे ।त्यसपछि उसको मानसम्मान खुब बढेको थियो । सबैको नजरमा ऊ अब्बल कर्मचारी बनेको थियो । ऊ पनि खुब मन लगाएर काम गर्थ्यो । जिम्मेवारीबाट कहिल्यै पछि हट्दैनथ्यो । काममा नयाँपन खोज्थ्यो । अफिस जान उसलाई कुनै दिन बोझ लागेन । त्यसैको परिणामस्वरूप उसको बढुवा भएको थियो । बढुवासँगै उसको जिम्मेवारी पनि बढेको थियो । पहिलेको भन्दा ठूलो लक्ष्य दिइएको थियो । उसले पनि सुरुमा त्यसलाई चुनौतीका रूपमा लिएको थियो ।तर जिम्मेवारी थपिँदै जाँदा कामको चाप बढ्यो । नयाँ जिम्मेवारीसँगै पुराना काम पनि उसकै काँधमा थिए । पहिलो महिना उसले निकै मेहनत गऱ्यो । दोस्रो महिना पनि लक्ष्यको नजिक पुग्यो । तर तेस्रो महिनादेखि परिस्थिति बदलिन थाल्यो । कामको चाप, समयको अभाव र व्यवस्थापनको कठिनाइले गर्दा लक्ष्य पूरा हुन सकेन ।हाकिमले एकपटक मिटिङमै भनेका थिए, 'महेन्द्रजी, तपाईंले यो जिम्मेवारी सम्हाल्न सक्नुहुन्छ भन्ने विश्वास छ । तर पछिल्लो समय तपाईंको काममा पहिलेको जस्तो गति देखिएको छैन । केही समस्या छ भने भन्नुहोला ।'हाकिमको त्यो भनाइ सामान्य थियो । सायद उनी महेन्द्रको समस्या बुझ्न चाहन्थे । तर महेन्द्रले त्यसलाई आफ्नो क्षमतामाथिको प्रश्नका रूपमा लियो ।त्यस दिनदेखि उसले हाकिमको अनुहारमा पहिलेको प्रशंसा देख्न छाड्यो । हरेक निर्देशन उसलाई गुनासो लाग्न थाल्यो। हरेक प्रश्न आरोपजस्तो लाग्न थाल्यो । हाकिमसँगको सम्बन्ध बिस्तारै चिसिँदै गयो ।आजकल उनीहरूबिच खासै कुरा जम्दैनथ्यो । नजमेको कुरा अमिलो दहीझैं लाग्थ्यो । उनीहरूबिच लुकामारी चलिरहन्थ्यो । धेरैजसो ऊ नै लुकामारीमा माहिर थियो ।उसलाई खाली हाकिमले खेदो खनेको भान भइरहन्थ्यो । ऊ अफिस पनि पहिलेजस्तो चाँडो पुग्दैनथ्यो, तर ढिलो पनि गर्दैनथ्यो । ठीक नौ बजे पुग्थ्यो । नौ बज्नुअघिसम्म हाकिम हाजिरी गर्ने ठाउँछेउ घुमिरहेका हुन्थे । आना कर्मचारीहरूसँग कुरा गर्थे । अफिसको हालचाल बुझिरहन्थे । ऊ भने हाकिमलाई छलेर हिँड्न खोज्थ्यो । कहिलेकाहीं हाकिमले बोलाउँदा पनि विभिन्न बहाना बनाएर पन्छिन्थ्यो । हाकिमसँग बसेर कुरा गर्नुभन्दा आनो क्याबिनमा एक्लै बस्नु उसलाई सहज लाग्थ्यो ।उसलाई अफिस जाऊँ-जाऊँ पनि लाग्दैनथ्यो । पहिलेजस्तो अफिसको चुम्बकीय आकर्षणले तान्दैनथ्यो उसलाई । सायद चुम्बकको शक्ति उसप्रति घटेको हुनुपर्छ । मनमा कुनै उत्साह थिएन अफिस जाने । अफिस जान नपरे हुन्थ्यो भन्ने मनसाय बनाइरहन्थ्यो आजकल । उसको वरिपरि झुम्मिने सहकर्मीहरू पनि टाढा भएजस्तो लाग्थ्यो । पहिला खुब बढाइ-चढाइ गर्नेहरू पनि मुन्टो बटारेर हिँडेजस्तो लाग्थ्यो ।सहकर्मीहरू उसलाई देखेर खासखुस गर्छन् भन्ने लाग्थ्यो । उनीहरूको सामान्य हाँसो पनि उसलाई आफ्नै उपहासजस्तो सुनिन्थ्यो । आजकल उसलाई ऊ आफैँजस्तो लाग्दैनथ्यो । किनकि ऊ वास्तवमा यस्तो निरीह त थिएन । आफू कमजोर र असक्षम लाग्थ्यो । काम नलाग्ने थोत्रो सामान जस्तो । एक समय थियो, ऊ आफ्ना निर्णयहरूमा दृढ हुन्थ्यो । समस्यासँग जुध्न तयार हुन्थ्यो ।तर आजकल ऊ एकान्तमा सोचाइको गहिराइमा डुबिरहन्थ्यो । कहिलेकाहीं आफैँ अचम्मित हुन्थ्यो, कस्तो मान्छे कस्तो भएँ भनेर ।...

निबन्ध — केशव होड्लबा

निबन्धः मनको हरियाली

अन्तरे गुरुले हिरण्यनाथको निबन्ध रचनालाई उनको पत्रिकामा प्रकाशित हुन अयोग्य ठहर गर्दै पन्ध्राइदिनुभएछ । हिरण्यनाथले पनि भर्खरै मात्र लेख्न थालेको कारण आनै रचनामा आवश्यक तत्त्वको कमी भएको हुनुपर्छ भन्ने ठान्यो, र गुरुको पारखको कदर गर्दै उहाँको निर्णयलाई सहज रूपमा स्वीकार गरिहाल्यो ।

आनो नामसित मिल्दो 'हरियाली' नामक पत्रिका, त्यो पनि आफ्नै काकाबाले सञ्चालन गरेको भनेर हिरण्यनाथले आनो निबन्धले पत्रिकामा ठाउँ पाउन योग्य ठहर्दैन कि भन्ने त सोचकै थिएन । हरियाली साप्ताहिकको आउँदो अंकमा आफ्नो रचना प्रकाशित हुनुपर्ने केही आधार भएर नै हिरण्यनाथले उत्सुकताका साथ पत्रिका निस्किने दिनको प्रतीक्षा गरिरहेको थियो । पहिलो आधार निकै बलियो थियो- पर्यावरणको सुरक्षा र सम्भारमा समर्पित साहित्य भनेर उक्त पत्रिकाले आफ्नो चिनारी बनाएको थियो । यो बुझेर हिरण्यनाथले पर्यावरण शिक्षा सम्बन्धी छोटो लेख बडो मिहिनेतका साथ तयार पारेको थियो । एउटा विचार लेख्यो, त्यो त्यति उपयुक्त नलागेर मेटायोह फेरि अर्को प्रकारले लेख्यो, शब्दहरूको अदल-बदल गऱ्योह यसरी लेख्दै-मेट्दै तर-लेख्दै गर्ने क्रमभा धेरै समय खर्चेर उसले लेखिसक्दा बल्ल एक पाना मात्र भएको रहेछ । यो त सारै छोटो भयो, आफ्नै काका अन्तरे गुरुले पनि के भन्लान् भनेर, भर्खरै भोगेको हिमताल विस्फोटको उदाहरणलाई उद्धृत गर्दै, यताउताका कुराहरू थपेर अर्को आधा पाना जति भएपछि उसले सन्तोषको सास फेरेको थियो । कुनै पनि लेख रचना तयार पारेपछि त्यसलाई एक दिन सेलाउन दिनु भन्ने कथन सुनेको कारण उसले आफ्नो रचनालाई जतनसित थन्क्याएर सुत्न गयो, भनदै बिहानसम्म सन्तोषको निद्रा पनि पऱ्यो ।उक्त पत्रिकामा प्रकाशित हुनुपर्ने दोस्रो आधार चाहिं अन्तरे गुरु र हिरण्यनाथको पारिवारिक सम्बन्ध थियो । यो आधारलाई हिरण्यनाथले उभार दिन चाहेको थिएन, तर पनि यति नजिकको पारिवारिक नाता भइसकेपछि मनको एउटा कुनामा सामीप्यको केही कोमलपन त आशा गर्नु स्वाभाविक नै हो । हिरण्यनाथका हजुरबाका सात भाइ छोराहरूमध्ये उसका बा केदारनाथ अधिकारी जेठा थिए भने महेन्द्रनाथ अधिकारी चाहिं अन्तरे । यिनै अन्तरे भाइ महेन्द्रनाथ पेशाले शिक्षक भएकाले सबैले यिनलाई अन्तरे गुरु भनेर चिन्दछन् । शिक्षण पेशासँगसँगै यिनले 'हरियाली साप्ताहिक पत्रिका' पनि एकल सञ्चालनमा सफलताका साथ चलाइरहेका छन् । हरेक चाडबाडको भेटघाटमा उत्साहित पार्ने प्रकृतिको आशीर्वाद वालछेल गरी दिने काकाले आफ्नै भतिजोको रचनालाई अपुग भन्दै पन्छाइदेलान् भनेर त उसले सोचेकै थिएन ।हिरण्यनाथले आनो रचनाले उक्त पत्रिकामा सबैको आँखा पर्ने गरी राम्रै ठाउँ पाउँछ भनेर सोच्ने अर्को अव्यक्त आधार पनि देखेको थियो । त्यो चाहिँ के भने, उसका स्कूले दिनहरूमा उसले लेखेका निबन्धहरूलाई गुरुहरूले जहिल्यै राम्रो भनेर सबैको सामुन्ने प्रशंसा गर्थे । यो कुराले पनि उसलाई साहित्यप्रति लगाव राख्न मद्दत गरेको थियो ।आफूले गरेको मिहिनेत, प्रकाशकसँगको आनो सम्बन्ध, आफ्नो लेखन कलामाथि रहेको भरोसा, जस्ता प्रत्यक्ष र अप्रत्यक्ष सकारात्मक कुराको आधारमा हिरण्यनाथले आफूले पठाएको रचना 'हरियाली' साप्ताहिकमा प्रस्ट देखिने गरी छापिएको कुरा आफ्नै कल्पनामा देखिसकेको पनि थियो । त्यति मात्र कहाँ हो र, उसले त मनैमनमा साथीहरूको बधाईसमेत पाइसकेको थियो । तर यहाँ कुरो अर्कैतिर तर्कियो । उसको निबन्धले पत्रिकामा स्थान पाएनछ । हुन त हिरण्यनाथको पहिलो प्रतिक्रिया स्वाभाविक स्वीकार थियो, आनो नयाँ-नयाँ प्रयास भएको कारण केही कुरा नमिलेको हुनु साधारण ठानेको थियो । तर उसको भित्री मनले यो कुरालाई सजिलै बिर्सिन मानेन, उसको मन-मस्तिष्कलाई यो कुराले नराम्रो गरी निमोठेर निचोरिरहेको थियो । उसले आफूलाई तिरस्कार गरिएको जस्तो महसूस गर्न थालेको थियो । उसको अन्तरे काका महेन्द्र नाथले एकपल्ट फोन गरेर, यो रचनामा यो यो मिलेको छैन, यसमा यस प्रकारको सुधार गर्नुपर्छ भनेर सहयोग पनि त गर्न सक्थे भन्ने सोच पनि उसको मनको एक कुनामा अल्झेर बसिरहेको थियो । बरु आफ्नै परिवारभित्रबाट कसैले साहित्यमा रुचि राखेको देख्दा उसको शिक्षक काकाबाले त खुशी भएर प्रोत्साहन दिनुपर्ने अपेक्षा पनि उसको मनमा आएकै हो त । तर यी सबै आशा, आकांक्षाका बावजुद अहिले भएको चाहिँ यही छ कि हिरण्यनाथको निबन्ध अन्तरे गुरुको पत्रिकामा छापिएन ।अग्रजगणको आदर-सम्मान गर्ने संस्कारमा हुर्केको हिरण्यनाथले आफ्नै काकाबालाई दोष्याउने दृष्टिकोणले त कदाचित् सोचेको छैन । उसले पठाएको रचना यताउता ओझेल परेर काकाबाको नजरबाट लुकेको पो हो कि भन्ने कुराको सम्भावना पनि उसको सोचमा आएको हो । अन्तरे गुरुले धेरै समय खर्चिनुपर्ने त स्कूलको उनको मुख्य पेशा शिक्षणमा हो । पत्रिका प्रकाशन त फुर्सदको सदुपयोग, अझ भनौं अति-उपयोग गर्दै दिएको समयमा गरिने काम हो । त्यसैले उनलाई पनि धेपेकी नै छ भनेर बुझ्न गाह्रो छैन ।यी र यस्तै कुराहरू मनमा खेलिरहँदा हिरण्यनाथले एकपल्ट काकाबासित भेटेर नै मनको खुल्दली मेटाउने निधो गऱ्यो । किनकि संवादबिना सत्यतथ्य कुरो थाहा लाग्दैन अनि सत्य नजानी मनमा शान्ति मिल्दैन । असमञ्जस मनले क्षणभरमा विभिन्न पहलुको विचरण गरिहाल्छ । त्यस्ता सोचका पहलु अनुकूल कि प्रतिकूल दुवैतर्फ बडो वेगसित हानिएर पुरन सक्छन् । आफ्नो आशातित लक्ष्य अकारण दुर्लभ भएको अवस्थामा सरस अनुकूलभन्दा पनि कर्कश प्रतिकूल सम्भावनाहरूको ओइरो लागेर मन साह्रै बोझिलो हुन्छ ।

-साहित्यपोष्ट डटकम

... त्यो साहस अब कतै लुप्त भयो । त्यो जाँगर अब कुनै कुना-कुन्तरमा खोज्नुपर्ने भयो । त्यो स्याबासी, त्यो प्रेरणाको पात्र अब इतिहासमा सीमित भयो । यी सबै सम्झिरहँदा ऊ कतिपटकबिरक्तिएको थियो ।परिवारको आशा र भरोसामा ऊ आज कतै ढलेको थियो ।घरमा श्रीमती अझै मख्ख थिई । उसका श्रीमान् आफ्नो अफिसमा एउटा प्रेरणाका पात्र हुन् भन्नेमा उसलाई गर्व थियो । छरछिमेकमा श्रीमानको तारिफमा माइक फुकिरहेन्थी ।तर आफ्नी श्रीमतीलाई के थाहा, उसको प्रेरक श्रीमाननको आत्मविश्वास दिनप्रतिदिन खस्कँदै गएको छ भनेर । ऊ आनी श्रीमतीको अबोध अनुहार सम्झन्थ्यो । उसको मन एक्कासि कुँडिएर आउँथ्यो । आठ वर्षे छोरो सम्झन्थ्यो । उसको नयाँ स्कूल सम्झन्थ्यो । अनि स्कूलको महँगो शुल्क । उसको बढुवा भएपछि नै त हो छोरालाई महँगो बोर्डिङ स्कूलमा भर्ना गरेको । त्यो समय ऊ खुब खुसी भएको थियो । उसले सरकारी स्कूल हुँदै सरकारी कलेज पढेर आज यो ठाउँसम्म आइपुगेको थियो । त्यसैले उसले छोरालाई आफूले नपाएको सुविधा दिने सोच बनाएको थियो । तर आज ऊ अत्तालिएको थियो । कतै महँगो शुल्कको वजनले थिच्ने त होइन ?ऊ कामको सिलसिलामा आनो गाउँदेखि टाढा बसेको थियो । गाउँमा बाआमा थिए । बाआमाका छुट्टै इच्छा र चाहना थिए । छोरा सहरमा काम गर्छ । खुब प्रगति गरेको छ । अब छोराले चाँडै सहरमा घर बनाउँछ । हामी पनि सहरका बासिन्दा हुनेछौं । अनि छोरा, बुहारी र नातिसँगै बस्नेछौं । यी र यस्तै सपनाहरू गाउँमा मुना पलाउँदै थिए ।तर सहरमा छोरा आफैँ दलदलमा फस्दै थियो । आफैँलाई त्यसमा धकेल्दै गएको भान हुन्थ्यो उसलाई । एउटा यस्तो मनको गहिराइभित्र हराउँदै थियो, जहाँबाट फर्कन पनि उसलाई कठिन लागिरहेको थियो । त्यो सायद यथार्थ हुन पनि सक्छ अथवा नहुन पनि सक्छ । गत महिनादेखि उसले आनो अफिसको लक्ष्य पूरा गर्न सकिरहेको थिएन । यही कुरालाई लिएर हाकिमले उसलाई बारम्बार टोकिरहेझैं लाग्थ्यो । हो, उसलाई यस्तै लाग्थ्यो । उसलाई यो टोकाइले पिरोलिरहेको थियो । लक्ष्यले तर्साइरहन्थ्यो । घरीघरी बियोलिरहन्थ्यो । राति सुत्दा पनि भोलिको काम सम्झन्थ्यो । बिहान उठ्दा पनि अधुरो लक्ष्य आँखाअगाडि नाचिरहन्थ्यो । हिजो मात्र हाकिमले भनेका थिए, 'महेन्द्रजी, मेरो अफिसमा आउनु है । केही कुरा गर्नुछ ।' 'मेरो धेरै काम छ, हाकिम साहेब', भन्दै ऊ पन्छिएको थियो ।वास्तवमा हाकिमले के भन्न खोजेका थिए, उसलाई थाहा थिएन । तर उसको मनमा अनेकौं आशंका जन्मिसकेका थिए । अब हाकिमले आफूलाई बोलाएर लक्ष्य पूरा नगरेको कुरालाई लिएर दोषी ठहऱ्याउनेछन् । सायद कामबाटै निकाल्नेछन् । उसले आफैँ हाकिमलाई खलपात्र बनायो । अनि आफैं डरायो । वास्तवमा हाकिम खलपात्र हुन् कि होइनन्, त्यो पनि उसलाई थाहा थिएन । अब उसले दैनिक बहाना खोज्न थालेको थियो । कहिले बिदा बस्ने, कहिले अफिस गए पनि हाकिमलाई नभेट्ने । उसको मनभित्र डरले घर बनाइसकेको थियो ।हाकिमसँगको एउटा सामान्य भेटघाट पनि उसलाई ठूलो पहाड चढ्नुसरह लाग्न थालेको थियो ।

त्यस दिन पनि ऊ आफ्नो क्याबिनमा काम गरिरहेको थियो । परबाट हाकिम आफू भएतिर आउँदै गरेको देख्यो । उसको मुटुको गति बढ्यो । छातीभित्र केही अड्किएजस्तो भयो । स्वास नै रोकिने हो कि जस्तो लाग्यो । हाकिम नजिकिँदै थिए । ऊ टाउको निहुराएर कागजपत्र पल्टाउन थाल्यो । एकाएक आवाज सुनियो । 'तपाईं अझै अफिस जानुभएको छैन ?' ऊ अचम्मित भयो ।हाकिमको स्वर बदलिएको थियो ।फेरि नियालेर सुन्यो ।'हन ' सुन्न भएन ? अझै अफिस जानुभएको छैन ?'ऊ झस भयो ।यो त हाकिमको आवाज थिएन । भित्रबाट श्रीमतीको आवाज आइरहेको थियो । पृष्ठभूमि पनि अफिसको थिएन । घरकै थियो ।उसले यताउता हेऱ्यो । छेउमा टेबुल थियो । टेबुलमा टिफिन थियो । हातमा मोबाइल थियो । ऊ अझै घरमै थियो । उसले आँखा मिच्यो । केही बेर अघिसम्म भएको आफूलाई अफिसमा भएको ठानिरहेको थियो । सहकर्मी, हाकिम, क्याबिन र केहि महिनादेखिको अधुरो लक्ष्य सबै आँखाअगाडि सजीव भए आएका थिए ।बिहानदेखि मनमा खेलिरहेका कुराहरूले उसलाई यति धेरै गाँजेको रहेछ कि ऊ घरमै बसेर अफिस पुगिसकेको थियो ।श्रीमती फेरि बोलिन, 'आज टोलाएरै अफिस ढिला गर्नुहुन्छ होइन ?उसले हत्तपत्त मोबाइल निकाल्यो । हाकिमको नम्बर डायल गऱ्यो । केही बेरपछि उताबाट आवाज आयो ।'हेलो, महेन्द्रजी''उसले ओठको घाउ छाम्यो ।एकछिन रोकियो । अनि भन्यो, 'हाकिम साहेब, आज म ढिला हुने भएँ ।'**-रातोपाटी डटकम**

आज विश्व टेलिभिजन दिवस मनाइँदै



पाल्पा, मंसिर ४/विश्वभर आज (शनिबार) विश्व टेलिभिजन दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । सूचना, सञ्चार, शिक्षा र मनोरञ्जनको महत्वपूर्ण माध्यमका रूपमा टेलिभिजनको भूमिका र योगदानलाई स्मरण गर्दै हरेक वर्ष नोभेम्बर २१ तारिखका दिन यो दिवस मनाउने गरिन्छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् १९९६ डिसेम्बर १७ मा नोभेम्बर २१ लाई विश्व टेलिभिजन दिवसका रूपमा मनाउने निर्णय गरेको थियो । सन् १९९६ नोभेम्बर २१ र २२ मा संयुक्त राष्ट्रसंघको आयोजनामा पहिलो विश्व टेलिभिजन मञ्च आयोजना गरिएको थियो । सोही दिनको स्मरणमा यो दिवस मनाउन थालिएको हो ।

टेलिभिजनलाई विश्वभरका मानिसलाई सूचना र जानकारी प्रदान गर्ने प्रभावकारी सञ्चार माध्यमका रूपमा लिइन्छ । यसले राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विषयलाई जनसमक्ष पुऱ्याउनुका साथै विश्वका विभिन्न घटनाक्रमबारे नागरिकलाई सुसूचित गराउँदै आएको छ । शिक्षा, जनचेतना अभिवृद्धि र सांस्कृतिक आदानप्रदानमा समेत टेलिभिजनको महत्वपूर्ण योगदान रहँदै आएको छ । पछिल्लो समय इन्टरनेट, सामाजिक सञ्जाल र डिजिटल प्रविधिको तीव्र विकाससँगै टेलिभिजन हेर्ने शैलीमा परिवर्तन आएको छ । परम्परागत टेलिभिजनसँगै अनलाइन स्ट्रिमिङ तथा डिजिटल प्लेटफर्मबाट पनि समाचार, सूचना र मनोरञ्जनका सामग्री हेर्ने क्रम बढेको छ ।

दिवसले टेलिभिजनलाई मनोरञ्जनको साधनमा मात्र सीमित नराखी समाजलाई सचेत, शिक्षित र जिम्मेवार बनाउन उपयोग गर्ने आवश्यकतालाई पनि स्मरण गराएको छ । टेलिभिजनको इतिहासमा सन् १९३६ नोभेम्बर २ देखि बीबीसीले नियमित प्रसारण गरेको पाईन्छ । टेलिभिजन च्यानलहरुको स्थापनको संख्या मात्र होईन पछिल्लो समय सर्वसाधारणमा विश्वास समेत बढ्दै गएको छ । सन् १९५४ देखि रंगीन टेलिभिजनको विकास भई रंगीन दृश्य हेर्न सकिने अवस्था आएको थियो । सन् १९३० को दशकमा प्रसारण शुरु भएको टेलिभिजन प्रविधिलाई अहिले सबैभन्दा सशक्त सञ्चारको माध्यमका रुपमा लिइन्छ । श्रव्यसँग सँगै दृश्यको माध्यमबाट यथार्थ रुपमा प्रस्तुत गर्न टेलिभिजन सफल भएसँगै छोटो समयमा ख्याती कमाउन सफल भएको मानिन्छ । सन् १९७० को दशकमा विश्वका ६० वटा मुलुकमा टेलिभिजनको प्रत्यक्ष सेवा विस्तार भयो । नेपालमा भने सन् १९७० ताका टेलिभिजनका सेटहरु भित्रिएको पाइन्छ विश्व जगतमा भन्दा निकै ढिला गरी नेपालमा सुरु भएको टेलिभिजन अहिले हरेक समूदायमा लोकप्रिय सञ्चार माध्यमका रुपमा परिचित छ । २०४१ साल माघ १७ गते नेपाल टेलिभिजन स्थापना भएको हो ।

खेलकुद समाचार

नेपाली क्रिकेट टोलीले इङ्ल्यान्डमा ६ खेल खेल्ने



काठमाडौं, मंसिर ४/नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले आउँदो वर्ष सन् २०२७ मा इङ्ल्यान्ड भ्रमण गरी स्कटल्यान्ड, बंगलादेश र आयरल्यान्डसँग ६ वटा खेल खेल्ने भएको छ । नेपाल क्रिकेट सै (क्यान)ले पत्रकार सम्मेलन गरी भ्रमणको खेलतालिका सार्वजनिक गरेको हो ।

तालिकाअनुसार नेपालले स्कटल्यान्डसँग एकदिवसीय खेल खेल्दै भ्रमणको सुरुआत गर्नेछ । त्यसपछि इङ्ल्यान्डको ऐतिहासिक लर्ड्स क्रिकेट मैदानमा बंगलादेशसँग टी-२० अन्तरराष्ट्रिय खेल खेल्नेछ ।त्यस्तै आयरल्यान्डसँग एकदिवसीय खेल खेल्नेछ । यस्तै, आयरल्यान्डसँगै ३ वटा टी-२० अन्तरराष्ट्रिय खेल खेल्नेछ । मेरिलेबोन क्रिकेट क्लब (एमसीसी)को सहकार्यमा हुन लागेको भ्रमणलाई नेपाल र एमसीसीबीच पछिल्लो समय विस्तार हुँदै गएको क्रिकेट साझेदारीको महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ ।दुवै संस्थाले नेपालमा क्रिकेटको विकास, युवा खेलाडीलाई अवसर प्रदान तथा अन्तरराष्ट्रिय साझेदारी विस्तारका क्षेत्रमा सहकार्य गर्दै आएका छन् ।

अर्थ/कर्पोरेट समाचार

सुनको मूल्य एकै दिन १२ हजारले घट्यो



पाल्पा, मंसिर ४/ नेपाली बजारमा शुक्रबार सुन र चाँदीको मूल्यमा भारी गिरावट आएको छ । यस दिन सुन तोलामा १२ हजार २०० रुपैयाँ र चाँदी २२५ रुपैयाँले घटेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार शुक्रबार छापावाल सुन प्रतितोला २ लाख ४५ हजार ४०० रुपैयाँ कायम भएको छ । अघिल्लो दिन बिहीबार एक तोला सुन २ लाख ५७ हजार ६०० रुपैयाँमा कारोबार भएको थियो । महासंघका अनुसार शुक्रबारचाँदी प्रतितोला ३ हजार ११० रुपैयाँमा झरेको छ । बिहीबार सोही परिमाणको चाँदी ३ हजार ३३५ रुपैयाँमा खरिदबिक्री भएको थियो।अन्तर्राष्ट्रिय बजारमा सुन तथा चाँदीको मूल्यमा ठूलो गिरावट आएसँगै नेपाली बजारमा पनि तिहारपछि मूल्य निरन्तर ओरालो लागिरहेको छ ।तथ्यांकअनुसार अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔंस १५६.९५ अमेरिकी डलर (४.२६ प्रतिशत) ले घटेर ३,५२७.३९ अमेरिकी डलरमा कारोबार भइरहेको छ । त्यस्तै, चाँदी पनि प्रतिऔंस ३.१४ अमेरिकी डलर (७.०५ प्रतिशत) ले घटेर ४१.३२ अमेरिकी डलरमा झरेको छ

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मूल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु. ४००/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ३००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ३५०/

सरकारी तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु.५५०/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ४५०/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ५००/-

डिस्प्ले		अन्य	
डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट	ठूलो डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. २००/- (१x५ सि.सि.)	प्रति बक्स	रु. १५००/- (२x१० सि.सि.)
राहदानी	रु. ८००/-	प्वाइन्टर	रु. १०००/-

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज.....

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ५४.३ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर ५,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८, पा.जि.प्र.का.द.नं. १८/०७५/७५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रामामगी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई